"निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प,
समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य"

# नेकपा (एमाले)

## क्षेत्र नं. ५, झापा



# प्रतिबद्धता-पत्र

आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,

नेकपा(एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको मूलधार हो । २००६ साल वैशाख १० गते स्थापना भई यस पार्टीले ७६ वसन्त पार गरेको छ। स्थापनाकालदेखि हालसम्म यस पार्टीले अनेकौं हन्डर, ठक्कर खाँदै महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा देखापर्ने दक्षिणपन्थी अवसरवाद र उग्रवामपन्थी भड्कावलाई परास्त गर्दै नेपालको कम्युनिस्ट आन्दोलनलाई अझ सशक्त बनाउँदै अगाडि बढाउँदै छौं । नेकपा(एमाले)ले नेपालमा पहिलोपटक कम्युनिस्ट सरकार गठन गरी २०५१/२०५२ सालमा लोकप्रिय कामको थालनी गरेको कुरा सबैमा जगजाहेर छ । आज मुलुक त्यही जगलाई टेकेर अगाडि बढिरहेको छ ।

स्पष्ट कार्यदिशाको अभाव रहेका पार्टीहरू जनताबाट अलोकप्रिय बन्दै, एक्लिँदै, खण्डित हुँदै गईरहेका छन् । नेकपा(एमाले) अनेकौं बाधा, अड्चनलाई चिर्दै अगाडि बढिरहेको छ । २०७४ सालको आमनिर्वाचनपछि नेकपा(एमाले)ले सरकार गठन गऱ्यो र त्यसको नेतृत्व गर्ने अवसर केपी शर्मा ओलीले पाउनुभयो । कतिपय आन्तरिक कारण र वाह्य शक्तिको षड्यन्त्र र दबावका कारण त्यो सरकार २०७८ सालमा विघटन भयो र नेकपा(एमाले) समेत खण्डित भई नेपाली कम्युनिस्ट आन्दोलनमा ठूलै क्षति पुग्यो । नेपाली जनतामा एकहदको निराशासमेत पैदा भयो । त्यसबाट दक्षिणपन्थी शक्तिहरूले शिर उठाउने मौका पाए । २०७४-२०७८ करिब साढे तीन वर्षमा डेढ वर्ष जति कोभिड महामारीले जनजीवनलाई अस्तव्यस्त बनाइदियो । बाँकी दुई वर्षमा मुलुकले पूर्वाधार विकासको इतिहासमा फड्को मारेको जगजाहेर नै छ । २०७९ सालको निर्वाचनबाट कुनै पनि पार्टीको बहुमत नआएपछि सरकार झनै अस्थिर बन्दै गयो । सत्ता टिकाउन दलहरूबिच अस्वस्थ गतिविधि हुन थाले । यस्तो बेलामा नेकपा( एमाले) मुकदर्शक भएर बस्न हुँदैनथ्यो, त्यसकारण स्थिर सरकार दिनका लागि दुई ठुला दलहरूबिच सत्ता साझेदारी गरिएको थियो ।

राजनैतिक दलहरूमा देखिएको दोहोरो चरित्रका कारण केही स्टन्टबाजी र पपुलिस्टहरूले परिस्थितिको फाइदा लुट्न थाले । स्टन्टबाजी र पपुलिस्टको कुनै दर्शन, नीति कार्यक्रम नभई केवल चर्का देखावटी नारा मात्र हुन्छन् । चर्का नाराले सर्वसाधारणमा केही भ्रम पार्ने गरेको छ ।

त्यसै गरी सामाजिक सञ्जाल र विद्युतीय सञ्चारले गलत र तथ्यहीन कुराहरू प्रशारण गर्दा केही मानिसका दिमागमा भ्रम पार्न सफल पनि भएका छन् । कृत्रिम बुद्धिमत्ता (AI) को नियमनमा कानुनको अभावमा व्यापक दुरूपयोग भएको छ । त्यस्ता कुरा अनियन्त्रित हुँदा कतिपयलाई भ्रमित बनाएको छ ।

हाम्रो पार्टीले "सुखी नेपाली समृद्ध नेपाल"को नारा अगाडि सारेको छ । यो नारा मात्र हैन कार्यक्रम पनि हो । यो नाराको विकल्प छैन । हाम्रो पार्टी नेकपा(एमाले) जनता र कार्यकर्तामा आधारित पार्टी हो। विगतमा भएका राम्रा कामको संरक्षण र अधुरा कामको जिम्मेवारीमा हामी प्रतिबद्ध छौं ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

२०८२ साल फागुन २१ गते हुने निर्वाचनमा हाम्रो पार्टीले श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीलाई यस झापा क्षेत्र नं. ५ को उम्मेद्वारको रुपमा अगाडि सारेको छ । हामी हाम्रो पार्टीका उम्मेद्वारलाई अमूल्य मत दिई विजय गराउन अनुरोध गर्दै निर्वाचनपछि यस क्षेत्रमा हामी तपसिलका काम गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

१. सुशासनका क्षेत्रमा :
सुशासन लोकतन्त्रको सुन्दरता हो । देशमा राजनैतिक अस्थिरताले पर्याप्त सुशासन कायम नभएको कुरा सबैमा जगजाहेर छ । सुशासन कायम गर्ने हाम्रो प्रतिबद्धता र कार्यक्रम रहने छ ।

२. भ्रष्ट्राचार नियन्त्रण :
देशमा भएको भ्रष्ट्राचार र कुशासनको अन्त्य गर्नु अपरिहार्य भएको छ । भ्रष्ट्राचार नियन्त्रण नाराले मात्र सम्भव छैन । त्यसका लागि कार्यक्रमको आवश्यकता पर्छ । विगतमा हाम्रो पार्टी सरकारमा हुँदा भ्रष्ट्राचार नियन्त्रणको काम सुरु गरी केही उपलब्धिसमेत प्राप्त भएका छन् । भ्रष्ट्राचार नियन्त्रणमा शून्य सहनशीलता अपनाइने छ ।

३. राष्ट्र, राष्ट्रियताको सवालमा :
नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यस्ता देशका समस्या विशेष खालका हुन्छन् । भूपरिवेष्ठित मुलुकलाई भूजडित बनाउनका लागि छिमेकी देशहरूसँग व्यापार तथा पारवहन सन्धिहरूमार्फत बाट कूटनीतिक रूपमा कार्य अगाडि बढाइने छ । विगतका प्राप्त उपलब्धिलाई संरक्षण गरिने छ ।

४. पूर्वाधारलगायतका क्षेत्रमा :
भौतिक पूर्वाधार क्षेत्रको विकासले आर्थिक विकासको ढोका खोल्ने कुरा सबैमा विदितै छ। यस क्षेत्रमा भौतिक पूर्वाधारलगायतका

"निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प,
समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य"

नेकपा (एमाले)

क्षेत्र नं. ५, झापा



प्रतिबद्धता-पत्र

आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,

नेकपा(एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको मूलधार हो । २००६ साल वैशाख १० गते स्थापना भई यस पार्टीले ७६ वसन्त पार गरेको छ। स्थापनाकालदेखि हालसम्म यस पार्टीले अनेकौं हन्डर, ठक्कर खाँदै महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा देखापर्ने दक्षिणपन्थी अवसरवाद र उग्रवामपन्थी भड्कावलाई परास्त गर्दै नेपालको कम्युनिस्ट आन्दोलनलाई अझ सशक्त बनाउँदै अगाडि बढाउँदै छौं । नेकपा(एमाले)ले नेपालमा पहिलोपटक कम्युनिस्ट सरकार गठन गरी २०५१/२०५२ सालमा लोकप्रिय कामको थालनी गरेको कुरा सबैमा जगजाहेर छ । आज मुलुक त्यही जगलाई टेकेर अगाडि बढिरहेको छ ।

स्पष्ट कार्यदिशाको अभाव रहेका पार्टीहरू जनताबाट अलोकप्रिय बन्दै, एक्लिँदै, खण्डित हुँदै गईरहेका छन् । नेकपा(एमाले) अनेकौं बाधा, अड्चनलाई चिर्दै अगाडि बढिरहेको छ । २०७४ सालको आमनिर्वाचनपछि नेकपा(एमाले)ले सरकार गठन गऱ्यो र त्यसको नेतृत्व गर्ने अवसर केपी शर्मा ओलीले पाउनुभयो । कतिपय आन्तरिक कारण र वाह्य शक्तिको षड्यन्त्र र दबावका कारण त्यो सरकार २०७८ सालमा विघटन भयो र नेकपा(एमाले) समेत खण्डित भई नेपाली कम्युनिस्ट आन्दोलनमा ठूलै क्षति पुग्यो । नेपाली जनतामा एकहदको निराशासमेत पैदा भयो । त्यसबाट दक्षिणपन्थी शक्तिहरूले शिर उठाउने मौका पाए । २०७४-२०७८ करिब साढे तीन वर्षमा डेढ वर्ष जति कोभिड महामारीले जनजीवनलाई अस्तव्यस्त बनाइदियो । बाँकी दुई वर्षमा मुलुकले पूर्वाधार विकासको इतिहासमा फड्को मारेको जगजाहेर नै छ । २०७९ सालको निर्वाचनबाट कुनै पनि पार्टीको बहुमत नआएपछि सरकार झनै अस्थिर बन्दै गयो । सत्ता टिकाउन दलहरूबिच अस्वस्थ गतिविधि हुन थाले । यस्तो बेलामा नेकपा( एमाले) मुकदर्शक भएर बस्न हुँदैनथ्यो, त्यसकारण स्थिर सरकार दिनका लागि दुई ठुला दलहरूबिच सत्ता साझेदारी गरिएको थियो ।

राजनैतिक दलहरूमा देखिएको दोहोरो चरित्रका कारण केही स्टन्टबाजी र पपुलिस्टहरूले परिस्थितिको फाइदा लुट्न थाले । स्टन्टबाजी र पपुलिस्टको कुनै दर्शन, नीति कार्यक्रम नभई केवल चर्का देखावटी नारा मात्र हुन्छन् । चर्का नाराले सर्वसाधारणमा केही भ्रम पार्ने गरेको छ ।

त्यसै गरी सामाजिक सञ्जाल र विद्युतीय सञ्चारले गलत र तथ्यहीन कुराहरू प्रशारण गर्दा केही मानिसका दिमागमा भ्रम पार्न सफल पनि भएका छन् । कृत्रिम बुद्धिमत्ता (AI) को नियमनमा कानुनको अभावमा व्यापक दुरूपयोग भएको छ । त्यस्ता कुरा अनियन्त्रित हुँदा कतिपयलाई भ्रमित बनाएको छ ।

हाम्रो पार्टीले "सुखी नेपाली समृद्ध नेपाल"को नारा अगाडि सारेको छ । यो नारा मात्र हैन कार्यक्रम पनि हो । यो नाराको विकल्प छैन । हाम्रो पार्टी नेकपा(एमाले) जनता र कार्यकर्तामा आधारित पार्टी हो। विगतमा भएका राम्रा कामको संरक्षण र अधुरा कामको जिम्मेवारीमा हामी प्रतिबद्ध छौं ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

२०८२ साल फागुन २१ गते हुने निर्वाचनमा हाम्रो पार्टीले श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीलाई यस झापा क्षेत्र नं. ५ को उम्मेद्वारको रुपमा अगाडि सारेको छ । हामी हाम्रो पार्टीका उम्मेद्वारलाई अमूल्य मत दिई विजय गराउन अनुरोध गर्दै निर्वाचनपछि यस क्षेत्रमा हामी तपसिलका काम गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

१. सुशासनका क्षेत्रमा :
सुशासन लोकतन्त्रको सुन्दरता हो । देशमा राजनैतिक अस्थिरताले पर्याप्त सुशासन कायम नभएको कुरा सबैमा जगजाहेर छ । सुशासन कायम गर्ने हाम्रो प्रतिबद्धता र कार्यक्रम रहने छ ।

२. भ्रष्ट्राचार नियन्त्रण :
देशमा भएको भ्रष्ट्राचार र कुशासनको अन्त्य गर्नु अपरिहार्य भएको छ । भ्रष्ट्राचार नियन्त्रण नाराले मात्र सम्भव छैन । त्यसका लागि कार्यक्रमको आवश्यकता पर्छ । विगतमा हाम्रो पार्टी सरकारमा हुँदा भ्रष्ट्राचार नियन्त्रणको काम सुरु गरी केही उपलब्धिसमेत प्राप्त भएका छन् । भ्रष्ट्राचार नियन्त्रणमा शून्य सहनशीलता अपनाइने छ ।

३. राष्ट्र, राष्ट्रियताको सवालमा :
नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यस्ता देशका समस्या विशेष खालका हुन्छन् । भूपरिवेष्ठित मुलुकलाई भूजडित बनाउनका लागि छिमेकी देशहरूसँग व्यापार तथा पारवहन सन्धिहरूमार्फत बाट कूटनीतिक रूपमा कार्य अगाडि बढाइने छ । विगतका प्राप्त उपलब्धिलाई संरक्षण गरिने छ ।

४. पूर्वाधारलगायतका क्षेत्रमा :
भौतिक पूर्वाधार क्षेत्रको विकासले आर्थिक विकासको ढोका खोल्ने कुरा सबैमा विदितै छ। यस क्षेत्रमा भौतिक पूर्वाधारलगायतका

“निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प,
समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य”

# नेकपा (एमाले)
# क्षेत्र नं. ५, झापा



# प्रतिबद्धता-पत्र

आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,

नेकपा(एमाले) नेपाली कम्युनिस्ट आन्दोलनको मूलधार हो । २००६ साल वैशाख १० गते स्थापना भई यस पार्टीले ७६ वसन्त पार गरेको छ। स्थापनाकालदेखि हालसम्म यस पार्टीले अनेकौं हन्डर, ठक्कर खाँदै महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा देखापर्ने दक्षिणपन्थी अवसरवाद र उग्रवामपन्थी भड्कावलाई परास्त गर्दै नेपालको कम्युनिस्ट आन्दोलनलाई अझ सशक्त बनाउँदै अगाडि बढाउँदै छौं । नेकपा(एमाले)ले नेपालमा पहिलोपटक कम्युनिस्ट सरकार गठन गरी २०५१/२०५२ सालमा लोकप्रिय कामको थालनी गरेको कुरा सबैमा जगजाहेर छ । आज मुलुक त्यही जगलाई टेकेर अगाडि बढिरहेको छ ।

स्पष्ट कार्यदिशाको अभाव रहेका पार्टीहरू जनताबाट अलोकप्रिय बन्दै, एक्लिँदै, खण्डित हुँदै गईरहेका छन् । नेकपा(एमाले) अनेकौं बाधा, अड्चनलाई चिर्दै अगाडि बढिरहेको छ । २०७४ सालको आमनिर्वाचनपछि नेकपा(एमाले)ले सरकार गठन गऱ्यो र त्यसको नेतृत्व गर्ने अवसर केपी शर्मा ओलीले पाउनुभयो । कतिपय आन्तरिक कारण र वाह्य शक्तिको षड्यन्त्र र दबाबका कारण त्यो सरकार २०७८ सालमा विघटन भयो र नेकपा(एमाले) समेत खण्डित भई नेपाली कम्युनिस्ट आन्दोलनमा ठूलै क्षति पुग्यो । नेपाली जनतामा एकहदको निराशासमेत पैदा भयो । त्यसबाट दक्षिणपन्थी शक्तिहरूले शिर उठाउने मौका पाए । २०७४-२०७८ करिब साढे तीन वर्षमा डेढ वर्ष जति कोभिड महामारीले जनजीवनलाई अस्तव्यस्त बनाइदियो । बाँकी दुई वर्षमा मुलुकले पूर्वाधार विकासको इतिहासमा फड्को मारेको जगजाहेर नै छ । २०७९ सालको निर्वाचनबाट कुनै पनि पार्टीको बहुमत नआएपछि सरकार झनै अस्थिर बन्दै गयो । सत्ता टिकाउन दलहरूबिच अस्वस्थ गतिविधि हुन थाले । यस्तो बेलामा नेकपा(एमाले) मुकदर्शक भएर बस्न हुँदैनथ्यो, त्यसकारण स्थिर सरकार दिनका लागि दुई ठुला दलहरूबिच सत्ता साझेदारी गरिएको थियो ।

राजनैतिक दलहरूमा देखिएको दोहोरो चरित्रका कारण केही स्टन्टबाजी र पपुलिस्टहरूले परिस्थितिको फाइदा लुट्न थाले । स्टन्टबाजी र पपुलिस्टको कुनै दर्शन, नीति कार्यक्रम नभई केवल चर्का देखावटी नारा मात्र हुन्छन् । चर्का नाराले सर्वसाधारणमा केही भ्रम पार्ने गरेको छ ।

त्यसै गरी सामाजिक सञ्जाल र विद्युतीय सञ्चारले गलत र तथ्यहीन कुराहरू प्रशारण गर्दा केही मानिसका दिमागमा भ्रम पार्न सफल पनि भएका छन् । कृत्रिम बुद्धिमत्ता (AI) को नियमनमा कानुनको अभावमा व्यापक दुरूपयोग भएको छ । त्यस्ता कुरा अनियन्त्रित हुँदा कतिपयलाई भ्रमित बनाएको छ ।

हाम्रो पार्टीले “सुखी नेपाली समृद्ध नेपाल”को नारा अगाडि सारेको छ । यो नारा मात्र हैन कार्यक्रम पनि हो । यो नाराको विकल्प छैन । हाम्रो पार्टी नेकपा(एमाले) जनता र कार्यकर्तामा आधारित पार्टी हो। विगतमा भएका राम्रा कामको संरक्षण र अधुरा कामको जिम्मेवारीमा हामी प्रतिबद्ध छौं ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

२०८२ साल फागुन २१ गते हुने निर्वाचनमा हाम्रो पार्टीले श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीलाई यस झापा क्षेत्र नं. ५ को उम्मेद्वारको रूपमा अगाडि सारेको छ । हामी हाम्रो पार्टीका उम्मेद्वारलाई अमूल्य मत दिई विजय गराउन अनुरोध गर्दै निर्वाचनपछि यस क्षेत्रमा हामी तपसिलका काम गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

१. सुशासनका क्षेत्रमा :

सुशासन लोकतन्त्रको सुन्दरता हो । देशमा राजनैतिक अस्थिरताले पर्याप्त सुशासन कायम नभएको कुरा सबैमा जगजाहेर छ । सुशासन कायम गर्ने हाम्रो प्रतिबद्धता र कार्यक्रम रहने छ ।

२. भ्रष्ट्राचार नियन्त्रण :

देशमा भएको भ्रष्ट्राचार र कुशासनको अन्त्य गर्नु अपरिहार्य भएको छ । भ्रष्ट्राचार नियन्त्रण नाराले मात्र सम्भव छैन । त्यसका लागि कार्यक्रमको आवश्यकता पर्छ । विगतमा हाम्रो पार्टी सरकारमा हुँदा भ्रष्ट्राचार नियन्त्रणको काम सुरु गरी केही उपलब्धिसमेत प्राप्त भएका छन् । भ्रष्ट्राचार नियन्त्रणमा शून्य सहनशीलता अपनाइने छ ।

३. राष्ट्र, राष्ट्रियताको सवालमा :

नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यस्ता देशका समस्या विशेष खालका हुन्छन् । भूपरिवेष्ठित मुलुकलाई भूजडित बनाउनका लागि छिमेकी देशहरूसँग व्यापार तथा पारवहन सन्धिहरूमार्फत बाट कूटनीतिक रूपमा कार्य अगाडि बढाइने छ । विगतका प्राप्त उपलब्धिलाई संरक्षण गरिने छ ।

४. पूर्वाधारलगायतका क्षेत्रमा :

भौतिक पूर्वाधार क्षेत्रको विकासले आर्थिक विकासको ढोका खोल्ने कुरा सबैमा विदितै छ। यस क्षेत्रमा भौतिक पूर्वाधारलगायतका क्षेत्रमा पर्याप्त काम भएका छन् । यद्यपि कतिपय काम अधुरा छन् । यस क्षेत्रलाई प्रभाव पार्ने तपसिलका काम गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

- आ.व. ०८२/०८३ मा विनियोजित भई हाल रोकिएका र अधुरा रहेका सबै विकास निर्माणका कामहरू पूरा गर्न सशक्त पहलकदमी गरिने ।
- भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जनतालाई जग्गाधनी प्रमाण-पूर्जा उपलब्ध गराउने कार्यलाई तीव्रता दिइने ।
- जनता आवास र विपन्न आवास निर्माणका कार्यक्रमलाई निरन्तरता दिइने ।
- आदिबासी, जनजाति, दलित, सन्थाल, मुस्लिमलगायतका पछाडि पारिएका सबै समुदायका नागरिकको जीवनस्तर उकास्ने किसिमका कार्यक्रम ल्याउने ।
- स्वास्थ्य बिमा सेवालाई थप वृद्धि गर्दै अझै व्यवस्थित गर्ने ।
- स्तरोन्नति भइसकेका सबै ग्राभेल सडकहरूलाई क्रमश: कालोपत्रे गर्ने ।
- अधुरो रहेका सबै सामुदायिक भवनहरूलाई क्रमिक रूपमा निर्माण कार्य सम्पन्न गर्ने ।
- आवश्यक स्थानहरूमा अन्न, फलफूल भण्डारणका लागि शीतभण्डार निर्माण गर्ने ।
- प्रत्येक पालिकामा एकएक सुविधा सम्पन्न खेलमैदान निर्माण र क्रमश: वडा स्तरसम्म खेलमैदानलाई विस्तार गर्ने ।
- सबै सामुदायिक क्याम्पस र विद्यालयहरूलाई भौतिक र शैक्षिक रूपमा सक्षम बनाउने ।
- कृषिमा सिँचाईको सुविधालाई भूमिगत र सतही सिँचाईका माध्यमबाट व्यवस्थापन गर्ने ।
- कृषिलाई आधुनिकीकरण गर्दै यान्त्रिकीकरणतर्फ उन्मुख गराई बजारीकरण गर्न पहल गर्ने ।
- यस क्षेत्रका जनताको कृषि कर्मलाई मध्यनजर गरी आवश्यकताअनुसार जैविक मल कारखाना स्थापना गर्न पहल गर्ने ।
- खानेपानी आयोजनाका सबै अधुरा निर्माण कार्य सम्पन्न गर्ने ।
- प्रत्येक घरपरिवारलाई स्वच्छ खानेपानी प्रबन्धका लागि पहल गर्ने ।
- समग्र कृषि क्षेत्रको विकास गरी खाद्यन्नमा आत्मनिर्भर बनाउने ।
- सबै किसिमका अव्यवस्थित बजारहरूलाई व्यवस्थित गराउने ।
- दमक र गौरादह बजारलाई आधुनिकीकरण गर्दै गौरीगञ्ज बजारमा थालनी गरिएको स्मार्ट सिटीको कार्यक्रमलाई यथाशीघ्र कार्यान्वयन गराउने । यस क्षेत्रमा रहेका अन्य बजारहरूलाई पनि व्यवस्थित बजारको रूपमा विकास गर्दै जाने ।
- रतुवा, मावा, कमल खोलाको तटबन्धन कार्य पूरा गरी किस्नी, द्याङ्ग्री, गेउरिया, भुत्लुङ, केर्खा खोला, रामचन्द्रे, चान्दुलगायतका खोलाहरूमा आवश्यक तटबन्धन गर्ने ।
- दमक-चिसापानी रवि सडक पुन: ठेक्का लगाई निर्माण सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाइने ।
- दमक ३ को महेश चौकदेखि उर्लाबारी जोड्ने मावा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने ।
- दमक ३ स्थित बिजिनेस टावरलाई सञ्चालनमा ल्याउने र आसपासको जग्गा ल्यान्डपुलिङ गर्न पहल गर्ने ।
- दमकमा रहेका विज्ञान पार्क, इन्द्रेणी ताल, पशुपति सिमसार क्षेत्र र लाजेको बाँधलाई विकास गरी पर्यटकीय क्षेत्र बनाउने ।
- नेपाल-चीन मैत्री औद्योगिक पार्क निर्माण कार्य सम्पन्न गर्ने ।
- दमक ३ मा प्रस्ताव गरिएको मदन भण्डारी रङ्गशाला निर्माणमा पहल गर्ने ।
- कमल ५ स्थित आदिबासी रङ्गशालालाई आधुनिक स्तरको रङ्गशालाको रूपमा निर्माण कार्य सम्पन्न गर्न पहल गर्ने।
- दमक, कमल र गौरादह नगर अस्पताल साथै गौरीगञ्ज अस्पतालको स्तरवृद्धि गर्ने।
- पाडाजुँगी-गौरीगञ्ज-आल्टाबारी सडक चौडा गर्दै स्तरोन्नति गर्ने ।
- हुलाकी मार्गअन्तर्गत माई नदी पुलको अधुरो काम पूरा गर्ने ।
- विराट बुद्धपार्कको काम पूरा गर्न पहल गर्ने ।
- निर्माण सम्पन्न भएको दमक सभाहल सञ्चालनमा ल्याउने ।
- कमल स्थित प्रादेशिक आयुर्वेदिक अस्पताललाई सुविधा सम्पन्न शिक्षण अस्पतालको रूपमा स्तरवृद्धि गर्ने।
- कमल स्थित साधु होलीलाई नमुना सिमसारको रूपमा र बाल्मीकि आश्रमलाई सांस्कृतिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने ।
- रतुवामाई वृक्षारोपण आयोजनाअन्तर्गतको वन क्षेत्रमा आम्दानीमूलक फलफूलका विरुवा लगाई यो क्षेत्रलाई फलफूलमा आत्मनिर्भर बनाउने ।
- गौरादह ६ तेलियाडाँगीबाट सिजुवा बजार जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने ।
- गौरादह ५ चप्रामारीदेखि मोरङको झुनामारी जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने।
- गौरादह ७ स्थित आदिबासी सङ्ग्रहालयको निर्माण कार्य पूरा गर्ने ।
- गौरादह बजारमा रहेको पोखरीलाई आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने ।
- यस क्षेत्रका विभिन्न पालिकाहरूमा सम्भाव्यता अध्ययन गरी नमुना खेती विस्तार गर्ने । गौरादहको नमुना खेती व्यवस्थित र आत्मनिर्भर बनाउन पहल गर्ने ।
- गौरीगञ्ज स्थित छोटी भन्सारलाई स्तरवृद्धि गर्ने ।
- गौरीगञ्जमा रहेको चौनी सिमसार, मोजोलोम सामुदायिक वन र धोद्रामाटी क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने ।
- यस क्षेत्रमा भएका विभिन्न धर्म, जाति तथा सम्प्रदायसँग सम्वन्धित धार्मिक अनुष्ठान र प्रतिष्ठानहरूलाई संरक्षण तथा प्रवर्द्धन गरिने ।

सूर्य
चिह्नमा मतदान गरौं

नेकपा (एमाले)
क्षेत्र नं. ५, झापा

मुद्रण : पाथिभरा अफसेट प्रेस, दमक, झापा

क्षेत्रमा पर्याप्त काम भएका छन् । यद्यपि कतिपय काम अधुरा छन् । यस क्षेत्रलाई प्रभाव पार्ने तपसिलका काम गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

- ❖ आ.व. ०८२/०८३ मा विनियोजित भई हाल रोकिएका र अधुरा रहेका सबै विकास निर्माणका कामहरु पूरा गर्न सशक्त पहलकदमी गरिने ।
- ❖ भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जनतालाई जग्गाधनी प्रमाण-पूर्जा उपलब्ध गराउने कार्यलाई तीव्रता दिइने ।
- ❖ जनता आवास र विपन्न आवास निर्माणका कार्यक्रमलाई निरन्तरता दिइने ।
- ❖ आदिबासी, जनजाति, दलित, सन्थाल, मुस्लिमलगायतका पछाडि पारिएका सबै समुदायका नागरिकको जीवनस्तर उकास्ने किसिमका कार्यक्रम ल्याउने ।
- ❖ स्वास्थ्य बिमा सेवालाई थप बृद्धि गर्दै अझै व्यवस्थित गर्ने ।
- ❖ स्तरोन्नति भइसकेका सबै ग्राभेल सडकहरुलाई क्रमशः कालोपत्रे गर्ने ।
- ❖ अधुरो रहेका सबै सामुदायिक भवनहरुलाई क्रमिक रुपमा निर्माण कार्य सम्पन्न गर्ने ।
- ❖ आवश्यक स्थानहरुमा अन्न, फलफूल भण्डारणका लागि शीतभण्डार निर्माण गर्ने ।
- ❖ प्रत्येक पालिकामा एकएक सुविधा सम्पन्न खेलमैदान निर्माण र क्रमशः वडा स्तरसम्म खेलमैदानलाई विस्तार गर्ने ।
- ❖ सबै सामुदायिक क्याम्पस र विद्यालयहरुलाई भौतिक र शैक्षिक रुपमा सक्षम बनाउने ।
- ❖ कृषिमा सिँचाईको सुविधालाई भूमिगत र सतही सिँचाईका माध्यमबाट व्यवस्थापन गर्ने ।
- ❖ कृषिलाई आधुनिकीकरण गर्दै यान्त्रिकीकरणतर्फ उन्मुख गराई बजारीकरण गर्न पहल गर्ने ।
- ❖ यस क्षेत्रका जनताको कृषि कर्मलाई मध्यनजर गरी आवश्यकताअनुसार जैविक मल कारखाना स्थापना गर्न पहल गर्ने ।
- ❖ खानेपानी आयोजनाका सबै अधुरा निर्माण कार्य सम्पन्न गर्ने ।
- ❖ प्रत्येक घरपरिवारलाई स्वच्छ खानेपानी प्रबन्धका लागि पहल गर्ने ।
- ❖ समग्र कृषि क्षेत्रको विकास गरी खाद्यन्नमा आत्मनिर्भर बनाउने ।
- ❖ सबै किसिमका अव्यवस्थित बजारहरूलाई व्यवस्थित गराउने ।
- ❖ दमक र गौरादह बजारलाई आधुनिकीकरण गर्दै गौरीगञ्ज बजारमा थालनी गरिएको स्मार्ट सिटीको कार्यक्रमलाई यथाशीघ्र कार्यान्वयन गराउने । यस क्षेत्रमा रहेका अन्य बजारहरूलाई पनि व्यवस्थित बजारको रूपमा विकास गर्दै जाने ।
- ❖ रतुवा, मावा, कमल खोलाको तटबन्धन कार्य पूरा गरी किस्नी, द्याङ्ग्री, गेउरिया, भुत्लुङ, केर्खा खोला, रामचन्द्रे, चान्दुलगायतका खोलाहरुमा आवश्यक तटबन्धन गर्ने ।
- ❖ दमक-चिसापानी रवि सडक पुनः ठेक्का लगाई निर्माण सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाइने ।
- ❖ दमक ३ को महेश चौकदेखि उर्लाबारी जोड्ने मावा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने ।
- ❖ दमक ३ स्थित बिजिनेस टावरलाई सञ्चालनमा ल्याउने र आसपासको जग्गा ल्यान्डपुलिङ गर्न पहल गर्ने ।
- ❖ दमकमा रहेका विज्ञान पार्क, इन्द्रेणी ताल, पशुपति सिमसार क्षेत्र र लाजेको बाँधलाई विकास गरी पर्यटकीय क्षेत्र बनाउने ।
- ❖ नेपाल-चीन मैत्री औद्योगिक पार्क निर्माण कार्य सम्पन्न गर्ने ।
- ❖ दमक ३ मा प्रस्ताव गरिएको मदन भण्डारी रङ्गशाला निर्माणमा पहल गर्ने ।
- ❖ कमल ५ स्थित आदिबासी रङ्गशालालाई आधुनिक स्तरको रङ्गशालाको रूपमा निर्माण कार्य सम्पन्न गर्न पहल गर्ने।
- ❖ दमक, कमल र गौरादह नगर अस्पताल साथै गौरीगञ्ज अस्पतालको स्तरवृद्धि गर्ने।
- ❖ पाडाजुँगी-गौरीगञ्ज-आल्टाबारी सडक चौडा गर्दै स्तरोन्नति गर्ने ।
- ❖ हुलाकी मार्गअन्तर्गत माई नदी पुलको अधुरो काम पूरा गर्ने ।
- ❖ विराट बुद्धपार्कको काम पूरा गर्न पहल गर्ने ।
- ❖ निर्माण सम्पन्न भएको दमक सभाहल सञ्चालनमा ल्याउने ।
- ❖ कमल स्थित प्रादेशिक आयुर्वेदिक अस्पताललाई सुविधा सम्पन्न शिक्षण अस्पतालको रूपमा स्तरवृद्धि गर्ने।
- ❖ कमल स्थित साधु होलीलाई नमुना सिमसारको रूपमा र बाल्मीकि आश्रमलाई सांस्कृतिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने ।
- ❖ रतुवामाई वृक्षारोपण आयोजनाअन्तर्गतको वन क्षेत्रमा आम्दानीमूलक फलफूलका विरुवा लगाई यो क्षेत्रलाई फलफूलमा आत्मनिर्भर बनाउने ।
- ❖ गौरादह ६ तेलियाडाँगीबाट सिजुवा बजार जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने ।
- ❖ गौरादह ५ चप्रामारीदेखि मोरङको झुनामारी जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने।
- ❖ गौरादह ७ स्थित आदिबासी सङ्ग्रहालयको निर्माण कार्य पूरा गर्ने ।
- ❖ गौरादह बजारमा रहेको पोखरीलाई आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने ।
- ❖ यस क्षेत्रका विभिन्न पालिकाहरुमा सम्भाव्यता अध्ययन गरी नमुना खेती विस्तार गर्ने । गौरादहको नमुना खेती व्यवस्थित र आत्मनिर्भर बनाउन पहल गर्ने ।
- ❖ गौरीगञ्ज स्थित छोटी भन्सारलाई स्तरवृद्धि गर्ने ।
- ❖ गौरीगञ्जमा रहेको चौनी सिमसार, मोजोलोम सामुदायिक वन र धोद्रामाटी क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने ।
- ❖ यस क्षेत्रमा भएका विभिन्न धर्म, जाति तथा सम्प्रदायसँग सम्बन्धित धार्मिक अनुष्ठान र प्रतिष्ठानहरुलाई संरक्षण तथा प्रबर्द्धन गरिने ।

## सूर्य
## चिह्नमा मतदान गरौं

## नेकपा (एमाले)
## क्षेत्र नं. ५, झापा

मुद्रण : पाथिभरा अफ्सेट प्रेस, दमक, झापा

क्षेत्रमा पर्याप्त काम भएका छन् । यद्यपि कतिपय काम अधुरा छन् । यस क्षेत्रलाई प्रभाव पार्ने तपसिलका काम गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

- ❖ आ.व. ०८२/०८३ मा विनियोजित भई हाल रोकिएका र अधुरा रहेका सबै विकास निर्माणका कामहरु पूरा गर्न सशक्त पहलकदमी गरिने ।
- ❖ भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जनतालाई जग्गाधनी प्रमाण-पूर्जा उपलब्ध गराउने कार्यलाई तीव्रता दिइने ।
- ❖ जनता आवास र विपन्न आवास निर्माणका कार्यक्रमलाई निरन्तरता दिइने ।
- ❖ आदिबासी, जनजाति, दलित, सन्थाल, मुस्लिमलगायतका पछाडि पारिएका सबै समुदायका नागरिकको जीवनस्तर उकास्ने किसिमका कार्यक्रम ल्याउने ।
- ❖ स्वास्थ्य बिमा सेवालाई थप बृद्धि गर्दै अझै व्यवस्थित गर्ने ।
- ❖ स्तरोन्नति भइसकेका सबै ग्राभेल सडकहरुलाई क्रमशः कालोपत्रे गर्ने ।
- ❖ अधुरो रहेका सबै सामुदायिक भवनहरुलाई क्रमिक रुपमा निर्माण कार्य सम्पन्न गर्ने ।
- ❖ आवश्यक स्थानहरुमा अन्न, फलफूल भण्डारणका लागि शीतभण्डार निर्माण गर्ने ।
- ❖ प्रत्येक पालिकामा एकएक सुविधा सम्पन्न खेलमैदान निर्माण र क्रमशः वडा स्तरसम्म खेलमैदानलाई विस्तार गर्ने ।
- ❖ सबै सामुदायिक क्याम्पस र विद्यालयहरुलाई भौतिक र शैक्षिक रुपमा सक्षम बनाउने ।
- ❖ कृषिमा सिँचाईको सुविधालाई भूमिगत र सतही सिँचाईका माध्यमबाट व्यवस्थापन गर्ने ।
- ❖ कृषिलाई आधुनिकीकरण गर्दै यान्त्रिकीकरणतर्फ उन्मुख गराई बजारीकरण गर्न पहल गर्ने ।
- ❖ यस क्षेत्रका जनताको कृषि कर्मलाई मध्यनजर गरी आवश्यकताअनुसार जैविक मल कारखाना स्थापना गर्न पहल गर्ने ।
- ❖ खानेपानी आयोजनाका सबै अधुरा निर्माण कार्य सम्पन्न गर्ने ।
- ❖ प्रत्येक घरपरिवारलाई स्वच्छ खानेपानी प्रबन्धका लागि पहल गर्ने ।
- ❖ समग्र कृषि क्षेत्रको विकास गरी खाद्यन्नमा आत्मनिर्भर बनाउने ।
- ❖ सबै किसिमका अव्यवस्थित बजारहरूलाई व्यवस्थित गराउने ।
- ❖ दमक र गौरादह बजारलाई आधुनिकीकरण गर्दै गौरीगञ्ज बजारमा थालनी गरिएको स्मार्ट सिटीको कार्यक्रमलाई यथाशीघ्र कार्यान्वयन गराउने । यस क्षेत्रमा रहेका अन्य बजारहरूलाई पनि व्यवस्थित बजारको रूपमा विकास गर्दै जाने ।
- ❖ रतुवा, मावा, कमल खोलाको तटबन्धन कार्य पूरा गरी किस्नी, द्याङ्ग्री, गेउरिया, भुत्लुङ, केर्खा खोला, रामचन्द्रे, चान्दुलगायतका खोलाहरुमा आवश्यक तटबन्धन गर्ने ।
- ❖ दमक-चिसापानी रवि सडक पुनः ठेक्का लगाई निर्माण सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाइने ।
- ❖ दमक ३ को महेश चौकदेखि उर्लाबारी जोड्ने मावा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने ।
- ❖ दमक ३ स्थित बिजिनेस टावरलाई सञ्चालनमा ल्याउने र आसपासको जग्गा ल्यान्डपुलिङ गर्न पहल गर्ने ।
- ❖ दमकमा रहेका विज्ञान पार्क, इन्द्रेणी ताल, पशुपति सिमसार क्षेत्र र लाजेको बाँधलाई विकास गरी पर्यटकीय क्षेत्र बनाउने ।
- ❖ नेपाल-चीन मैत्री औद्योगिक पार्क निर्माण कार्य सम्पन्न गर्ने ।
- ❖ दमक ३ मा प्रस्ताव गरिएको मदन भण्डारी रङ्गशाला निर्माणमा पहल गर्ने ।
- ❖ कमल ५ स्थित आदिबासी रङ्गशालालाई आधुनिक स्तरको रङ्गशालाको रूपमा निर्माण कार्य सम्पन्न गर्न पहल गर्ने।
- ❖ दमक, कमल र गौरादह नगर अस्पताल साथै गौरीगञ्ज अस्पतालको स्तरवृद्धि गर्ने।
- ❖ पाडाजुँगी-गौरीगञ्ज-आल्टाबारी सडक चौडा गर्दै स्तरोन्नति गर्ने ।
- ❖ हुलाकी मार्गअन्तर्गत माई नदी पुलको अधुरो काम पूरा गर्ने ।
- ❖ विराट बुद्धपार्कको काम पूरा गर्न पहल गर्ने ।
- ❖ निर्माण सम्पन्न भएको दमक सभाहल सञ्चालनमा ल्याउने ।
- ❖ कमल स्थित प्रादेशिक आयुर्वेदिक अस्पताललाई सुविधा सम्पन्न शिक्षण अस्पतालको रूपमा स्तरवृद्धि गर्ने।
- ❖ कमल स्थित साधु होलीलाई नमुना सिमसारको रूपमा र बाल्मीकि आश्रमलाई सांस्कृतिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने ।
- ❖ रतुवामाई वृक्षारोपण आयोजनाअन्तर्गतको वन क्षेत्रमा आम्दानीमूलक फलफूलका विरुवा लगाई यो क्षेत्रलाई फलफूलमा आत्मनिर्भर बनाउने ।
- ❖ गौरादह ६ तेलियाडाँगीबाट सिजुवा बजार जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने ।
- ❖ गौरादह ५ चप्रामारीदेखि मोरङको झुनामारी जोड्ने रतुवा खोलामा पक्की पुल निर्माण गर्न पहल गर्ने।
- ❖ गौरादह ७ स्थित आदिबासी सङ्ग्रहालयको निर्माण कार्य पूरा गर्ने ।
- ❖ गौरादह बजारमा रहेको पोखरीलाई आकर्षक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने ।
- ❖ यस क्षेत्रका विभिन्न पालिकाहरुमा सम्भाव्यता अध्ययन गरी नमुना खेती विस्तार गर्ने । गौरादहको नमुना खेती व्यवस्थित र आत्मनिर्भर बनाउन पहल गर्ने ।
- ❖ गौरीगञ्ज स्थित छोटी भन्सारलाई स्तरवृद्धि गर्ने ।
- ❖ गौरीगञ्जमा रहेको चौनी सिमसार, मोजोलोम सामुदायिक वन र धोद्रामाटी क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने ।
- ❖ यस क्षेत्रमा भएका विभिन्न धर्म, जाति तथा सम्प्रदायसँग सम्बन्धित धार्मिक अनुष्ठान र प्रतिष्ठानहरुलाई संरक्षण तथा प्रबर्द्धन गरिने ।

सूर्य
चिह्नमा मतदान गरौं

नेकपा (एमाले)
क्षेत्र नं. ५, झापा

मुद्रण : पाथिभरा अफ्सेट प्रेस, दमक, झापा